गाउँ कार्यपालिकाको बैठक औ
मिति २०८२/११/२९
समयः विहान ८:०० बजे

आज मिति २०८२/११/२९ गते यस टेम्केमैयुङ गाँउपालिकाका अध्यक्ष श्री सरोज बस्नेतको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकको बैठकमा निम्न बमोजिमका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावमाथि छलफल गरी निर्णय गरियो।

उपस्थिति

| | |
|---|---|
| श्री सरोज बस्नेत | गा.पा. अध्यक्ष |
| श्री रमादेवी राई | गा.पा. उपाध्यक्ष |
| श्री नर बहादुर राई | गा.पा. सदस्य |
| श्री बाल चन्द्र राई | गा.पा. सदस्य |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य |
| श्री हर्कराज राई | गा.पा. सदस्य |
| श्री सुनिल राई | गा.पा. सदस्य |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य |
| श्री बाल वहादुर खड्का | गा.पा. सदस्य |
| श्री कृष्ण बहादुर बाँनिया | गा.पा. सदस्य |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य |
| श्री ईन्दिरा घिमिरे राई | गा.पा. सदस्य |
| श्री साबित्रा फुयल | गा.पा. सदस्य |
| श्री सन्तोष राई | गा.पा. सदस्य |
| श्री कल्पना परियार | गा.पा. सदस्य |
| श्री अदित दाहाल | प्रमुख प्रशासकीय अधिकृत |

श्री गंगा वहादुर तामाङ	का.वा. वडा अध्यक्ष वडा नं. ८

बैठक समन्वय सहयोगी

अधिकृतस्तर छैठौं श्री गणेश प्रसाद धिमाल

सूचना प्रविधि अधिकृत श्री धिराज बस्नेत

लेखा शाखा प्रमुख श्री अर्जुनजंग बस्नेत

शिक्षा अधिकृत श्री राजन ढकाल

प्राविधिक श्री जितेन्द्र अधिकारी

योजना शाखा श्री लिला प्रसाद पराजुली

प्रस्तावहरू

१. अघिल्लो कार्यपालिका बैठक समीक्षा सम्वन्धमा ।
२. गाउँसभाको मिति तोक्ने सम्वन्धमा।
३. ठेक्का सम्झौता पश्चात बाँकी रहेको रकम सम्वन्धमा।
४. प्रदेश समपूरक योजना अन्तर्गत कार्यान्वयन हुने योजना छनौट सम्वन्धमा ।
५. लकडी व्यवस्थापन सम्बन्धमा।
६. गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम सम्बन्धमा।
७. जग्गाको मुआब्जा सम्बन्धमा।
८. कर्मचारी सम्बन्धमा।
९. विज्ञापन सम्बन्धमा।
१०. सडकवोर्डबाट प्राप्त भएको रकमबाट कार्यान्वयन हुने योजना सम्बन्धमा।
११. विविध

निर्णयहरु

**निर्णय नं. १. अघिल्लो कार्यपालिका बैठक समीक्षा सम्वन्धमा ।**

अघिल्लो कार्यपालिकाको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा समीक्षा गरियो।

**निर्णय नं. २. गाउँसभाको मिति तोक्ने सम्बन्धमा।**

टेम्केमैयुङ गाउँपालिकाको ११ औ गाउँसभा मिति २०८२।१२।०६ गते बस्ने निर्णय गरियो। सो को तयारीका लागि विषयगत समिति तथा गाउँकार्यपालिकाको कार्यालयलाई जिम्मेवारी दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं. ३. ठेक्का सम्झौता पश्चात बाँकी रहेको रकम सम्बन्धमा।**

यस गाउँपालिकाबाट विभिन्न समयमा ठेक्का आह्वान भई सम्झौता भइसकेका देहायका योजनामा कबोल अंक कम भई बाँकी रहेको रकमबाट कामको प्रगति यकिन गरी सोही योजनाको थप कार्य गर्न पुनः सार्वजनिक खरिद नियमावली अनुसार खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

तपसिलः

क) Road Upgrading Work From Gogane Ward Office to Lekharka Ward Office बचेको रकम रु. ३९७९६५८।-

ख) Bhojpur District Temkemaiyung Rural Municipality Lkeharka Ward Office to Wairang Kapase Road Upgrading Work बचेको रकम रु. १४१५८०६।-

ग) Road Blacktop Work from Nagi Zero Point-Khawa Pingdada-Bhornagi to Pandhare बचेको रकम रु. ६५२९९६३।-

घ) Bhojpur Distrcit Temkemaiyung Rural Municipality Yangchungtar Rumala Panchi Road Upgrading Work बचेको रकम रु. १६७९२६३।-

ङ) Construction of Landfill Site for Solid Waste Management बचेको रकम रु. २२६५२५६।-

च) Construction of Timma Health Post Building बचेको रकम रु. १६०३४७१।-

छ) Construction of Nagi Health Post Building बचेको रकम रु. ९३२०५१।-

**निर्णय नं. ४. प्रदेश समपूरक योजना अन्तर्गत कार्यान्वयन हुने योजना छनौट सम्बन्धमा ।**

कोशी प्रदेशको प्रदेश समपुरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८१ मा तोकिएको क्षेत्र र आधारको परिधिभित्र रही आ.व.२०८३।८४ मा संचालन गर्न तपसिलका आयोजनाहरु प्रदेश योजना आयोगमा माग गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | आयोजनाको नाम | बजेट माग रकम |
|---|---|---|
| १ | वडा नं ७ कोटमा कवर्डहल निर्माण | ८०,००,०००।-<br>(असी लाख मात्र) |
| २ | नागी स्वास्थ्य चौकी भवन निर्माण | १,२०,००,०००।- |

| | | |
|---|---|---|
| २ | नागी स्वास्थ्य चौकी भवन निर्माण | १,२०,००,०००।–<br>(एक करोड मात्र) |

निर्णय नं. ५. लकडी तथा वन पैदावर व्यवस्थापन सम्बन्धमा।

यस गाउँपालिका अन्तर्गत विभिन्न वडाहरूबाट निकासी भइरेहको लकडी तथा वन पैदावरको व्यवस्थित निकासीका लागि डिभिजन वन कार्यालयका कार्यालय प्रमुख लगायत अन्य जिम्मेवार व्यक्तिहरूको सहभागितामा २०८२।१२।०२ मा समन्वय बैठक आयोजना गर्ने निर्णय गरियो।

निर्णय नं. ६. गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम सम्बन्धमा।

यस आर्थिक वर्षमा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमको लागि "गरिब परिवार परिचय पत्र वितरण कार्यविधि, २०७९" अनुसार प्रत्येक वडाबाट १ जनाको दरले गणक नियुक्ति गर्न विज्ञापन आह्वान गर्ने निर्णय गरियो।

निर्णय नं. ७. जग्गाको मुआब्जा सम्बन्धमा।

यस पालिकाको निर्माणाधीन प्रशासनिक भवनको लागि प्राप्त गर्नुपर्ने थप १७ आना जग्गा प्राप्त गर्न जग्गा प्राप्ति ऐन, २०३३ बमोजिम मुआब्जा प्रदान गरि जग्गा प्राप्त गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. ८. कर्मचारी सम्बन्धमा।

यस पालिकामा कार्यरत् शिक्षा शाखा प्रमुख श्री कुसुम पोखरेल मगर निर्वाचनको सन्दर्भमा वडा नं २ स्थित त्रिभुवन धर्मोदय मा.वि.मा मतदान अधिकृतको रुपमा खटिएकोमा मादक पदार्थ सेवन गरि आचरणहीन काम गरेको हुँदा आवश्यक कारबाहीको लागि मिति २०८२।११।२६ मा जिल्ला प्रशासन कार्यालय भोजपुरबाट लेखि आएको हुँदा निजलाई स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४(४) अनुसार यस कार्यालयमा राखी राख्न उपयुक्त नभएको कारण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा फिर्ता पठाउने निर्णय गरियो।

निर्णय नं. ९. विज्ञापन सम्बन्धमा।

वडा नं ७ कोटको स्वास्थ्य चौकीमा कार्यरत् कार्यालय सहयोगी श्री गोविन्द बहादुर कटुवाल मिति २०८२।०७।१९ देखि लागु हुनेगरी अनिवार्य अवकाश हुनु भएकोले रिक्त रहेको पदमा विज्ञापन खुलाउने निर्णय गरियो।

निर्णय नं. १०. सडकवोर्डबाट प्राप्त भएको रकमबाट कार्यान्वयन हुने योजना सम्बन्धमा।

यस आर्थिक वर्षमा सडक बोर्ड नेपालबाट प्राप्त भएको रकम रु. ५०००००।- र यस कार्यालयबाट हुने साझेदारी रकम रु. २०००००।- गरी जम्मा रु. ७०००००।- बाट वादुङ्ला नयाँवस्ती पन्ध्रे सडक स्तरोन्नति योजना कार्यान्वयन गर्ने निर्णय गरियो।